नेपाल सरकार

ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

सानोगौचरण, काठमाडौं

**वातावरणीय अध्ययन सम्बन्धी प्रतिवेदनहरूको पुनरावलोकन समितिमा रहने वातावरण विज्ञहरूको सूची (Roster) को लागी दरखास्त आह्वान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मितिः वि.सं. २०८२/०४/२०

वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (२) तथा जलविद्युत तथा प्रसारण लाइन आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी कार्यबिधि, २०७३ को बुँदा नं. ४ बमोजिम प्रतिवेदन पुनरावलोकन समितिमा विज्ञको रूपमा सूचीकृत हुन इच्छुक तपशिलमा उल्लेखित आवश्यक शैक्षिक योग्यता र कार्य अनुभव भएका विज्ञहरूले रितपुर्वक निम्न ठेगानामा देहायको विवरण सहित दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ। यो सूचना यस विभागको सूचनापाटी र Website:- doed.gov.np मा समेत राखिएको व्यहोरा अनुरोध छ।

क. आवश्यक शैक्षिक योग्यताः

नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको कुनै एक विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र विदेशी शैक्षिक संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको हकमा त्रि.वि.बाट समकक्षता लिएको हुनु पर्नेछ।

- भौतिक वातावरण विज्ञः सिभिल इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा इलेक्ट्रिकल इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स इञ्जिनियरिङ्ग वा हाईड्रोपावर इञ्जिनियरिङ्ग वा वातावरण इञ्जिनियरिङ्ग वा भू-गर्भ इञ्जिनियरिङ्ग वा भूगर्भ शास्त्र वा भौतिक वातावरण सँग सम्बन्धित अन्य विषय वा,
- जैविक वातावरण विज्ञः वन विज्ञान वा वन्यजन्तु विज्ञान वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जीव विज्ञान वा वनस्पति विज्ञान वा वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा पारिस्थितिकीय प्रणाली विज्ञान जैविक वातावरण सँग सम्बन्धित अन्य विषय वा,
- सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण विज्ञः समाजशास्त्र वा मानवशास्त्र वा अर्थशास्त्र वा पुरातत्वशास्त्र वा दिगो विकास वा योजना व्यवस्थापन वा वित्त व्यवस्थापन वा सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण सँग सम्बन्धित अन्य विषय

ख. कार्य अनुभवः-

देहाय बमोजिमको कार्य अनुभव भएकोः-

- कुनै पनि सरकारी निकायमा कम्तीमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा २ वर्ष वातावरण अध्ययन प्रतिवेदन पुनरावलोकन वा स्वीकृति प्रक्रियामा संलग्न भई कार्य गरेको वा
- माथि (क) मा उल्लेखित शैक्षिक योग्यता हासिल गरि वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा कम्तीमा ३ वर्ष वा सो भन्दा बढी कार्य अनुभव भएको वा
- माथि (क) को शैक्षिक योग्यतामा उल्लेखित विषयमा ५ वर्ष भन्दा बढी अध्यापन तथा अनुसन्धान गरेको वा कार्य अनुभव भएको वा
- विगत तीन वर्ष देखि वातावरणीय अध्ययन प्रतिवेदन सुझाव समितिमा विज्ञको रूपमा रही काम गरेको।

ग. दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरूः

- वैयक्तिक विवरण (CV) (हालसालको फोटो तथा हस्ताक्षर सहित),
- उच्चतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,
- कार्य अनुभव सम्बन्धी प्रमाणित कागजात,
- वातावरणीय अध्ययन सम्बन्धी तालिम प्रदान गर्न सम्बन्धित निकायमा दर्ता भएको संस्थाबाट वातावरणीय अध्ययन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रतिलिपि ।
- सरकारी निकायमा बहाल रहेको निवेदकको हकमा सम्बन्धित निकायको सहमति/सिफारिस (NOC) संलग्न गर्नुपर्नेछ।

**नोटः**

- दरखास्त साथ आफू सूचीकृत हुन चाहेको वातावरणको क्षेत्रहरू (भौतिक वातावरण, जैविक वातावरण, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण मध्ये कुनै एक वा एक भन्दा बढी) स्पष्ट खुलाउनुपर्ने,
- यस अघि Roster मा सूचीकृत भएका विज्ञहरूले पनि यसै सूचना बमोजिम आफ्नो विवरण अद्यावधिक गर्नु हुन अनुरोध छ।
- विभागले प्राप्त निवेदनका आधारमा योग्य विज्ञहरूको सूची नियमित अद्यावधिक गरि विभागको वेबसाइटमा प्रकाशन गर्नेछ।

**दरखास्त बुझाउने ठेगानाः**

विद्युत विकास विभाग, सानोगौचरण, काठमाडौं।

सम्पर्क फोन नम्बरः- ००९७७-०१-४५३४११९

इमेलः- env.doed@gmail.com